हालको परिवर्तित अवस्थामा राष्ट्रपति लगायत राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरुको मर्यादाक्रम

| | |
|---|---|
| १. | राष्ट्रपति |
| २. | उप–राष्ट्रपति |
| ३. | प्रधानमन्त्री |
| ४. | प्रधान न्यायाधीश |
| ५. | संविधानसभाका अध्यक्ष / व्यवस्थापिका संसदका सभामुख |
| ६. | पूर्व राष्ट्रपति, उप–प्रधानमन्त्री |
| ७. | मन्त्री, व्यवस्थापिका संसद्का विपक्षी दलका नेता, पूर्व उपराष्ट्रपति, पूर्व प्रधानमन्त्री, पूर्व प्रधान न्यायाधीश, व्यवस्थापिका संसदका उपसभामुख, संविधानसभाका उपाध्यक्ष, पूर्व सभामुख |
| ८. | राज्य मन्त्री, संविधानसभा / व्यवस्थापिका संसदका विभिन्न समितिका सभापति / अध्यक्ष |
| ९. | राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, प्रज्ञा प्रतिष्ठानहरूका कुलपति |
| १०. | सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य |
| ११. | सहायक मन्त्री |
| १२. | संविधानसभा / व्यवस्थापिका संसदका सदस्य |
| १३. | संवैधानिक निकायका प्रमुख, महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, प्रधान सेनापति, संविधानसभा / व्यवस्थापिका संसदका महासचिव |
| १४. | पुनरावेदन अदालतका मुख्य न्यायाधीश, राष्ट्रिय योजना आयोगका सदस्य, संवैधानिक निकायका पदाधिकारी, नेपाल राष्ट्र बैंकका गर्भनर, प्रज्ञा प्रतिष्ठानहरूका उपकुलपति, विश्वविद्यालयका उपकुलपति |
| १५. | नेपाल सरकारका सचिव, नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारी, नेपालस्थित विदेशी राजदूत, सार्कका महासचिव, नेपाली राजदूत, सर्वोच्च अदालतका रजिष्ट्रार, नायब महान्यायाधिवक्ता, पुनरावेदन अदालतका न्यायाधीश |
| १६. | रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, मुख्य अनुसन्धान निर्देशक (राष्ट्रिय अनुसन्धान विभाग), नेपालस्थित संयुक्तराष्ट्र संघीय विकास कार्यक्रमका आवासीय संयोजक, |
| १७. | उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक |
| १८. | जिल्ला विकास समितिका सभापति (निर्वाचित) , महानगरपालिकाका प्रमुख (निर्वाचित) |
| १९. | नेपाल सरकारका सह–सचिव, महानिर्देशक, उपमहानिर्देशक, जिल्ला न्यायाधीश, राजपत्रांकित प्रथम श्रेणीका कर्मचारी, उप–महानगरपालिकाका प्रमुख (निर्वाचित), नगरपालिका प्रमुख, (निर्वाचित) |
| २०. | नेपालस्थित विदेशी कन्सल जनरल, नेपालस्थित अन्य अन्तर सरकारी संस्थाका प्रमुख |
| २१. | सहायक रथी, प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी नायव महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक |
| २२. | महासेनानी, प्रहरी वरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका सह |

| | |
|---|---|
| | अनुसन्धान निर्देशक |
| २३. | नेपाल सरकारका उप–सचिव, निर्देशक, राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारी |
| २४. | प्रमुख सेनानी, प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका उप–अनुसन्धान निर्देशक |
| २५. | सेनानी, प्रहरी नायव उपरीक्षक, सशस्त्र प्रहरी नायव उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख अनुसन्धान अधिकृत, गाँउ विकास समितिका अध्यक्ष, (निर्वाचित) |
| २६. | सह–सेनानी, नेपाल सरकारका शाखा अधिकृत, राजपत्रांकित तृतीय श्रेणीका कर्मचारी |
| २७. | उप–सेनानी, प्रहरी निरीक्षक, सशस्त्र प्रहरी निरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान अधिकृत |
| २८. | सहायक सेनानी |

द्रष्टव्यः

१. पदाधिकारीका पति वा पत्निलाई आमन्त्रण गरिएको औपचारिक समारोहमा निजहरूको मर्यादाक्रम सम्बन्धित पदाधिकारीको मर्यादाक्रम अनुसार नै कायम हुनेछ ।

२. एउटै क्रममा रहेका पदाधिकारीको मर्यादाक्रम यस मर्यादाक्रममा उल्लेख भएको क्रम अनुसार हुनेछ ।

३. नेपाल सरकारको सेवामा पदाधिकार रहेको नेपाली महावाणिज्यदूतको मर्यादाक्रम आफ्नो पदाधिकार अनुसारको हुनेछ ।

४. यस मर्यादाक्रममा उल्लेख नभएका महानुभावहरुलाई कुनै सरकारी निकायले कुनै समारोहमा सम्मिलित गराउनु पर्ने अवस्था परेमा वा मर्यादाक्रम निर्धारणका सम्वन्धमा कुनै द्विविधा उत्पन्न भएमा सम्वन्धित निकायले नेपालीको हकमा गृह मन्त्रालय र विदेशीको हकमा परराष्ट्र मन्त्रालयसंग सम्पर्क राखी कुन क्रममा राख्ने हो तोक्ने र त्यसको जानकारी गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।